जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन
## साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४०    अंक ४४    २०७९ साल जेठ २९ गते आइतवार (12 June 2022 Sunday)    मूल्य रु. ७/-

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा :** मिटरब्याजी रामदेवको गोरखधन्दाबाट ... **पृष्ठ ३ मा :** बलात्कारसम्बन्धी कानुनः महिलामैत्री ... **पृष्ठ ४ मा :** नकेपा एसका नेता ... **पृष्ठ ५ मा :** यस कारण स्वास्थ्य बीमा ...

# पूर्वमन्त्री एवं वामपन्थी नेता चौधरीको निधन



**राजविराज**/संविधान सभा सदस्य, पूर्वमन्त्री एवं वामपन्थी नेता मिथिला चौधरीको ५७ वर्षको उमेरमा निधन भएको छ।

भारतको नयाँ दिल्लीस्थित एम्स अस्पतालमा शुक्रवार राती निधन भएका उनको शनिवार अन्त्येष्टी गरिएको छ।

राजविराज ५ निवासी चौधरी पेटको क्यान्सर रोगले पिडित भएपछि सात दिन अघि उपचारका लागि सो अस्पतालमा भर्ना भएकी थिइन। उनको शनिवार पवित्र स्थल सिमरिया घाटमा छोरा अभिनवले दागवत्ति दिए। उनका पति, एक छोरा र दुई छोरी छन्।

कम्युनिष्ट नेताहरु विष्णु मानन्धर, सुनिल मानन्धर, गणेश साह लगायतको प्रेरणाबाट वामपन्थी राजनीतिकमा प्रवेश गरेकी चौधरी २०७४ सालमा तत्कालिन नेकपा संयुक्त तर्फबाट जनसंख्या तथा वातावरण मन्त्री बनेकी थिइन।

# असार १ गते देखि शनिबार मात्र बिदा

**राजविराज**/सरकारले असार १ गते देखि शनिबार मात्र बिदा दिने निर्णय गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्ण गर्दै असार १ देखी आइतबारको बिदा हटाएको छ।

अर्थमन्त्री जनार्दन शर्माले असार १ देखि शनिबार मात्र सार्वजनिक बिदा हुने जनाएका छन्।

गत वैशाख २६ गते बसेको मन्त्रिरिषद बैठकले पेट्रोलियम पदार्थको खपत कम गर्न भन्दै परीक्षणका रुपमा जेठ १ देखि शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिँदै आएको थियो।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिँडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मन्दिर पार्किङ स्थलबाट लागु औषधसहित तीन जना पक्राउ



**राजविराज**/सप्तरीको प्रसिद्ध शक्तिपिठ छिन्नमस्ता भगवती मन्दीरको पार्किङ्ग स्थलबाट ठुलो परिमाणको लागु औषध सहित तीन जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा दुई जना भारतीय नागरिक छन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार मन्दिरको पार्किङ्गस्थलमा बि.आर३२ए.एल ४३५८ नम्बर भारतीय मोटरसाईकलमा सवार तीन जनामाथी शंका लागेपछि चेकजाँच गर्दा ठुलो मात्रामा प्रतिबन्धीत लागु औषध बरामद गरिएको हो।

पक्राउ पर्नेमा भारतको मधुबनी जिल्ला उत्तरी ग्राम पंचायत ५ निवासी २६ वर्षिय प्रकाश यादव र सोही जिल्लाका लौकही ग्राम पंचायत २ वस्ने २० वर्षिय तुलसी कुमार दास छन्।

यस्तै सोही मोटरसाईकलमा सवार सप्तरीको छिन्नमस्ता गाउपालिका २ वस्ने १९ वर्षिय दिपेश कुमार यादव पनि पक्राउ परेका छन्। उनीहरुको साथबाट नाइट्राभेट क्यापसुल ५ सय, बुफरनोरफिन क्याप्सुल १ सय तथा डाईजेलव र फेनारगन सुई एक/एक सय थान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

सोमवार साँझ पक्राउ परेका उनीहरुलाई मंगलवार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यको आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### बाल विवाह उन्मुलनतर्फ ध्यान पुगोस्

खासगरी दलित समुदायको बाल विवाह प्रथा अझै कायमै रहेको छ। मुसहर, चमार जस्ता जातिहरुमा केहि न्यूनिकरण भएपनि डोम समुदायमा हट्न सकेको छैन्। सदियौंदेखि चल्दै आएको परम्परा भएको भन्दै बाल विवाह रोकिन सकेको छैन्। यसतर्फ कसैले राम्रोसँग ध्यान समेत दिएको छैन्। सानैमा विवाह नगरिए जातियताबाट बहिष्कार र बुढापाकाहरुको गाली खेप्नुपरेका कारण सानो उमेरमा विवाह गर्नुपर्ने तर्क दिन्छन् दलित समुदायका अगुवाहरु। बाल विवाहले बाल मनोबिज्ञानमा असर पार्दै जीवन राम्रोसँग व्यत्तित भइनरहेको बुझ्दाबुझ्दै पनि बाल विवाह परम्पराको रुपमा गरिदैं आइएको छ।

कतिपय व्यक्तिको कुरालाई मान्ने हो भने बाल विवाह गर्न रोक लगाएपनि बुढापाका रिसाउने डरले लुकाएर विवाह गर्ने गरिएको छ। अहिलेका बूढापाकाहरुले आफ्नो विवाह एक बर्षको उमेरमै भएको बताउँदै नाती नातीनालाई पनि कम उमेरमै विवाह गर्न अग्रसरता देखाइरहेका छन्। शिक्षा दिनुभन्दा विवाह गराइदिएर घरजम बसाउन लगाउने तथा बालबालिकालाई श्रम गर्न लगाउनेको समाजमा कमी छैन्। चेतनाकै अभावमा कम उमेरमा विवाह गरिरहेको भन्दा फरक नपर्ला।

शिक्षा, स्वास्थ्यसहितका क्षेत्रमा काम गर्ने सरकारी तथा बिभिन्न गैर सरकारी संघ संस्था सकृय भएपनि बाल विवाहलाई रोकाउनेतर्फ कसैले पनि खासै पाइला चाल्न सकेको छैन्। अहिलेको जमानामा पनि बालविवाहलाई नरोकिए भावी सन्ततीको जीवनस्तर राम्रो हुन सक्दैन्। सर्वप्रथम शिक्षातर्फ त्यस्ता व्यक्ति र समाजको ध्यान आकृष्ट गर्नु बर्तमान समयका लागि जरुरी छ।

कम उमेरमै विवाह गरेपछि बेहुला, बेहुलीको उमेर धेरैको फरक भएको र जसले दाम्पत्य जीवन सुखमय हुन नसक्ने उदाहरण हाम्रो समाजमा धेरै नै रहको छ। सानैमा विवाह गर्दा ठूलो भएपछि एकले अर्कालाई मन नपराउने, सानैमा गर्भवती भए आममा र बच्चा दुबैको स्वास्थ्य खतरातर्फ उन्मुख हुने र एकले अर्कालाई राम्ररीसँग चिन्न नसक्ने भएकाले बाल विवाहलाई निरत्साहित गर्नु नै बुद्धिमता हुनेछ

# मिटरब्याजी रामदेवको गोरखधन्दाबाट दर्जनौं सर्वसाधारण पीडित

**राजविराज**/सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुर निवासी ६७ वर्षीय रामदेव साहु तेलीले सर्वसाधारणबाट मिटर ब्याजबाट करोडौं रुपैयाँ असुल गरिरहेको गोरखधन्दाको खुलासा भएको छ।

स्थायी घर सप्तरी रहेपनि उनी हाल धरान उपमहानगरपालिका वडा नम्वर १९ धनकुटे चोकमा बस्दै आएका छन्। मिटरब्याजी साहुको असुल धन्दाप्रति पटक पटक जनगुनासो तथा संचारमाध्यममा समाचार प्रकाशित तथा प्रसारित हुँदा समेत प्रहरीले हालसम्म उनलाई पक्राउ गर्न सकेको छैन्।

उनको यस धन्दाबाट दर्जनौं सर्वसाधारणहरु पीडित बन्न पुगेका छन्। जिल्लाको बोदेबर्साइन नगरपालिका वडा नम्वर ५ का ७० बर्षीय राम प्रसाद खत्बेले घरायसी काम गर्न २०७४ सालमा खडक नगरपालिका वडा नम्वर ७ का मिटर ब्याजी रामदेव साहु तेलीसँग ५ लाख रुपैयाँ ऋण लिए। त्यसपछि उनले आफ्नो छोरीको बिवाहका लागि २०७५ सालमा फेरि ७ लाख रुपैयाँ ऋण लिनपुगे। त्यसका लागि उनले शम्भुनाथ नगरपालिका ११ 'क' को कित्ता नं. ४७८ को १७ कठ्ठा आफ्नो जमिन धितो राखेका थिए। राम प्रसादले अहिलेसम्म सो रकमको ब्याज वापत रामदेव साहु तेलीलाई ४० लाख रुपैयाँ बुझाइसके। तर, धितो वापतको १७ कठ्ठा जमिन अझैं उनले फिर्ता पाएका छैनन्।

यस्तै बोदेबर्साइन नगरपालिका वडा नम्वर ७ का मोहम्मद तैयब अली छोरी खुश्मुदा खातुनको बिवाहका लागि २०७१ सालमा १ विघा १० कठ्ठा घरसहित जग्गा रामदेव साहु तेलीको नाममा पास गरेर ३८ लाख रुपैयाँ लिएका ऋणमा उनले २०७३ साल ७ महिना ३ गते ८ लाख २०७४ साल बैशाखमा १५ लाख कार्तिकमा ११ लाख र पैसामा ९ लाख रुपैयाँ र अन्य गरि ९५ लाख रुपैयाँ तिरिसके। तर, उनको पनि घर सहितको जग्गा फिर्ता गरेका छैनन्।

यस्तै जिल्लाको शम्भुनाथ नगरपालिका वडा नम्वर २ की ललिता मण्डलले जग्गा किन्न भनेर १० लाख रुपैयाँ ऋण लिइन्। १० वर्षअघि १० लाख रुपैयाँ लिएको ऋणमा उनले ३२ लाख रुपैयाँ तिरिसक्दा पनि उनको जग्गा अझैं मिटर ब्याजी रामदेवले फिर्ता गरेका छैनन्। वैदेशिक रोजगारीमा मलेसिया पुगेका ललिताका श्रीमान् दिनेश मण्डल १० वर्ष त्यहाँ बसेर फर्किए। श्रीमान्ले १० वर्षसम्मै कमाएको पैसा समेत ब्याज तिर्नैमा सकिएको उनले सुनाइन्।

बोदेबर्साइन नगरपालिका ९ का शीतल यादवले २०६५ सालमा उनै रामदेव साहुलाई साढे १२ कट्ठा जग्गा पास गरेर २ लाख ७० हजार रुपैयाँ छोरालाई बैदेशिक रोजगारीमा पठाउने लिएका थिए। तर, अहिलेसम्म सावाँ ब्याज गरेर १२ लाख तिरिसकेको उनीबाट साहुले ४४ लाख रुपैयाँ अझ चाहियो भन्दै अनिमात्र जग्गा फिर्ता दिने धम्की दिदै आएका छन्।

बोदेबर्साइन नगरपालिका मेयर आतेश कुमार सिंहले चर्को ब्याज लिएर सर्वसाधारणलाई उठिवास गराउने जस्ता अपराध गर्नेलाई कानूनी दायरामा ल्याउनुपर्नेमा जोड दिएका छन्। उठिवास गराउने जस्ता अपराध गराउनेलाई कानूनी दायरामा ल्याएर हदैसम्मको कारवाही हुनुपर्ने उनको माग छ।

यसैबीच लाखौं ऋण दिएर करोडौं असुल गर्ने गरेको आरोपमा पक्राउ परेका मिटरब्याजी रामदेवका छोरा नन्दकिशोर साहलाई अदालतले अनुसन्धानका लागि शुक्रबार पाँच दिनको म्याद थप गरेको छ।

बिहीबार पक्राउ परेका सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर बजारका ४५ वर्षिय ब्यवसायी साहलाई शुक्रबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराएपछि अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ।

ठगि तथा अपराधी विश्वासघात मुद्दामा अदालतमा उपस्थित गराएका साहलाई थप अनुसन्धानका लागि पाँच दिनको म्याद उपलब्ध गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

विपन्न नागरिकलाई किर्ते तमसुक बनाएर लाखौं लाख रकम ऋण दिने र त्यसवापत करोडौं असुल्ने गरेको पीडितहरुको उजुरी आएपछि साहलाई पक्राउ गरिएको डिएसपी काफ्लेले बताए। यता मिटरब्याजी रामदेव भने अझै फरार रहेको र खोजी कार्य भइरहेको उनले जानकारी दिए।

## चट्याङ लागेर दुई किसानको मृत्यु

**राजविराज**/चट्याङ लागेर सप्तरीमा दुई किसानको ज्यान गएको छ। विहीवार दिउसो भएको वर्षासंगै परेको चट्याङ लागेर जिल्लाको बोदेबरसाईन नगरपालिका ३ मधुवन टोलका ८० वर्षिय सत्य नारायण यादव र सोही टोलका ५६ वर्षिय रामजी यादवको ज्यान गएको हो।

घर नजिकैको खेतमा गाईवस्तु चराउन गएका बेला परेको चट्याङका कारण गम्भीर घाईते भएका उनीहरुलाई उपचारका लागी स्थानीय लाईफलाइन केयर हस्पिटलमा पुर्‍याउने वित्तिकै चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

चट्याङले सोही वडाका एक जना घाईते भएको स्थानीयले बताएका छन्।

## विश्व वातावरण दिवस मनाइयो

**राजविराज**/जिल्ला प्रशासन कार्यालय परिसरमा विभिन्न जातका बिरुवा रोपेर आईतवार विश्व वातावरण दिवस २०७९ मनाइएको छ।

डिभिजन वन कार्यालय राजविराजले "पृथ्वीको संरक्षण दिगो प्रकृतिमैत्री जीवनयापन" मुल नाराका साथ बृक्षारोपण कार्यक्रमको आयोजना गरी वातवरण दिवस मनाएको हो।

सो अवसरमा डिभिजन कार्यलयका वन अधिकृत हेमन्त प्रसाद साहले आईतवार नै जिल्लाका थप आधा दर्जन भन्दा बढी स्थानमा बृक्षारोपण कार्यक्रम तय गरिएको जानकारी दिए। जिल्ला प्रशासन कार्यालयमा अमला, कागती, आप, लिची, सुपारी, फूल लगायतका ३५ जातका बिरुवा रोपिएको छ।

बृक्षारोपण कार्यक्रमम प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, नेपाली सेना बरख गणका प्रमुख सेनानी दुर्गा बहादृर थापा, सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकका साथै पत्रकार र वनका कर्मचारी सहभागी भएका थिए।

अनियन्त्रीत वन फडानी बढ्दै गएको र यसले जलवायु परिर्वतनमा प्रत्यक्ष प्रभाव पार्दै गएकोले बृक्षारोपण कार्यक्रमलाई अभियानकै रुपमा चलाईने डिभिजन वन कार्यालय राजविराजले जनाएको छ।

## माइक्रोबस दुर्घटनामा एक महिलाको मृत्यु

**राजविराज**/सप्तरीको रुपनी गाउँपीलका ५ मुसहरनियाँ बसविट्टीमा माइक्रोबस दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्।

राजविराज-रुपनी सडक खण्डमा राजविराजतर्फ आउँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०२७७ नम्वरको माइक्रोबस अनियन्त्रित भएर दुर्घटना भएको हो।

सो दुर्घटनामा परेर रुपनी गाउँपालिका-१ नकटीरायपुरका ६८ वर्षीया तारावतीदेवी यादवको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएकी यादवको उपचारको लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याइएको भएपनि उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उक्त दुर्घटनमा परी घाइते सबैको गजेन्द्रनारायण सिंह अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# बलात्कारसम्बन्धी कानुनः महिलामैत्री नभएर पीडितमैत्री !



निर्मला उप्रेती

सामान्य भाषामा बुझ्नु पर्दा कसैको मञ्जुरी बिना, करकाप, डर, धम्की वा बल प्रयोग गरी जबर्जस्ती गरिने यौन सम्पर्कलाई बलात्कार भनिन्छ । नेपाली बृहत् शब्दकोशले 'कुनै स्त्रीलाई उसको इच्छाविरुद्ध जबर्जस्तीसँग सम्भोग गर्ने काम' भनी परिभाषित गरेको छ । मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ ले करणी सम्बन्धि कसुरको व्याख्या गरेको छ । जसमा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा त्यस्तो महिलालाई जबर्जस्ती करणी गरेको मानिनेछ भनेको छ । साथै अपराधको प्रकृतिअनुसार दण्डका विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ ।

कानूनमा उल्लिखित शब्दबाट के बुझ्न सकिन्छ भने महिलाको सहमतिमा करणीको लेनदेन गर्न पाइन्छ तर सहमति बिनाको यो कार्य जघन्य अपराध हुन्छ । अनधिकृत रूपमा अर्काको शरीरमाथि आघात पुर्याउनु नागरिकको एक आधारभूत अधिकारमाथि निर्मम हमला हो, जुन सामाजिक र कानूनी दुवै दृष्टिकोणबाट अक्षम्य अपराध हो । कुनै पुरुषले महिलाको मञ्जुरी विना शारीरिक सम्पर्क राख्नुलाई नेपालको कानूनले नैतिक पतन देखिने गम्भीर अपराधको श्रेणीमा राखेको छ । यो यस्तो सामाजिक कलङ्क हो, जसले पीडितलाई लामो समयसम्म शारीरिक तथा मानसिक रूपमा निर्बल तुल्याउन सक्दछ । यस्तो अपराधमा पीडकलाई कानूनबमोजिम हदैसम्मको दण्ड हुनुपर्दछ भन्नेमा कसैको दुई मत रहँदैन । विधिको शासनका पक्षपातीहरूले यस्तो जङ्गली कार्यलाई तटस्थ रूपबाट निरुत्साहित गरेमा मात्रै एक सुन्दर समाजको कल्पना गर्न सकिन्छ ।

काठमाडौंमा कहिले राजनीतिक, कहिले धार्मिक त कहिले कानूनी व्यवस्थाका परिवर्तन ल्याउनुपर्ने मागहरूले सडकहरू तातिरहन्छन् । कहिले सडकमा टायर बाल्ने कार्य हुन्छ, कहिले सडकको किनाराका रेलिङ्गहरु तोडिन्छन्, कहिले नाराबाजी हुन्छ भने कहिले प्लेकार्ड सहितको सभ्य प्रदर्शन हुने गर्दछ । देशमा उपलब्ध स्रोतसाधन, राज्यले तयार पारेको सम्बन्धित क्षेत्रको प्रहरी कर्मचारीको कार्य कुशलता, अपराधीको अपराधशैली जस्ता कारणहरूले सबै अवस्थामा प्रहरी तत्कालै अपराधीसम्म नपुग्ने अवस्था रहन्छ ।

प्रहरीले तत्कालै अपराधी पक्राउ गर्न नसकेका कारण भावुक हुँदै केही नागरिकहरू सडकमा उत्रिन्छन् अनि अनेकन नाराबाजीसहित सडक अस्तव्यस्त बनाउने गर्दछन् । पछिल्लो समय एक युवतीले आफू ८ वर्ष अगाडि जबर्जस्ती करणी घटनाबाट पीडित भएको र कानून अनुदार भएका कारण न्याय पाउन नसकेको कुरा सामाजिक सञ्जालमा व्यक्त गरेका कारण फेरी काठमाडौंको सडकमा पीडितलाई न्याय दिलाउन नाराबाजी सुरु भएको छ । बलात्कारीलाई फाँसी दे, हदम्याद खारेज गर, लगायतका प्लेकार्डहरू बोकेर खास गरी युवाहरुको प्रदर्शन भएको देखियो ।

हदम्यादको चर्चा गर्दा नेपालको मुलुकी अपराध संहिता, २०७४ ले हाडनाता करणीबाहेक अन्य प्रकारका जबर्जस्ती करणीहरूमा जाहेरी दिने एक वर्षे हदम्यादको व्यवस्था गरेको छ । सोही व्यवस्थाले परिवर्तित समाजको माग सम्बोधन गर्न नसकेको, समयअनुसार परिवर्तन नभएको, कानूनले न्याय दिन नसक्ने निष्कर्षसहित केही दिन अघि मात्रै केही महिला सांसदहरूले जबर्जस्ती करणी अपराधमा हदम्याद हटाउनु पर्ने माग गरेका थिए । साथै सो बारे सङ्घीय संसद् सचिवालयमा सङ्कल्प प्रस्ताव दर्ता गरेको समाचार पनि पढ्न पाइएको थियो । के नेपाली कानूनमा रहेको यो हदम्यादको व्यवस्था कम भएकै हो त ? के हदम्यादको व्यवस्थाको सीमितताका कारण पीडितले न्याय पाउन नसकेको हो ? कानूनमा बलात्कार अपराधको उजुरी दिने हदम्याद थपेमा पीडितले न्याय पाउने नै हो त ? जस्ता प्रश्न पछिल्लो समयमा बहसको विषय बनेको छ ।

'ठूला र समृद्ध भनेका देशमा हदम्याद छैन, हाम्रो देशमा किन ?' लगायतका प्लेकार्डहरू लिएर केही महिलाहरूले प्रदर्शन गरेको देखिएको हुँदा विश्वका विकसित तथा अपराध अनुसन्धानमा अब्बल ठहरिएका राष्ट्रहरूमा बलात्कार अपराधमा रहेको हदम्यादको विषयमा प्रकाश पार्नु सान्दर्भिक हुन्छ । संयुक्त राज्य अमेरिकाका ५० राज्यहरूमा नै बलात्कार अपराधमा फरक फरक हदम्याद रहेको छ । जस्तै वासिङ्टन डिसीमा केही विशेष प्रकृतिका बलात्कार अपराधमा १५ वर्षे हदम्याद रहेको छ भने मिनेसोटा राज्यमा बलात्कार अपराधको उजुरी हदम्याद ३ वर्षको रहेको छ । त्यसै गरी मिसिसिपी, मिसौरी जस्ता राज्यहरूमा उजुरीको कुनै हदम्याद नै छैन ।

जापानमा गम्भीर प्रकारको बलात्कार घटनामा उजुरीको हदम्याद १० वर्ष राखिएको छ भने घटनाको गम्भीरताअनुसार अरू बलात्कार घटनाको हदम्याद कम रहेको छ । बेलायतमा बलात्कार अपराधमा उजुरीको हदम्याद रहेको छैन अनि छिमेकी राष्ट्र भारतको कुरा गर्ने हो भने त्यहाँ पीडकले पाउने दण्ड, सजायको आधारमा 'मनासिब माफिक' को उजुरी दिने हदम्याद कायम रहेको छ ।

अन्य राष्ट्रहरूमा कानूनी व्यवस्था के छ भनी तुलना गर्नु कानून निर्माण र संशोधन पूर्व गरिने अध्ययनको एक महत्त्वपूर्ण पक्ष हो भने हाम्रो देशमा के कस्तो कानून आवश्यक छ भन्ने कुरा अझै महत्त्वपूर्ण पक्ष हो । किनकि हामी अन्य देशका सबै कानूनी प्रावधानहरू हुबहु हाम्रो देशमा नक्कल गर्न सक्दैनौं । यदि गर्यौं भने यसले कहिलेकाहीँ कानूनको मर्मबमोजिमको नतिजा नदिन सक्छ ।

उन्नतिको एउटा शिखरमा पुगिसकेको अमेरिकामा पनि जबर्जस्ती करणी मुद्दामा फरक फरक राज्यमा दण्ड सजाय र उजुरीको हदम्यादको फरक फरक व्यवस्था किन छ त ? किनकि जहिले पनि कानून आफ्नो माटो सुहाउँदो हुनु पर्दछ । यसले स्थानीय रीतिरिवाज, धर्म, अर्थ, राजनीतिक व्यवस्था सबैलाई उचित सम्बोधन गरेको हुनु पर्दछ । विज्ञहरूको सल्लाहविना लहडका भरमा ल्याइएको कानूनले समाजमा अस्थिरता र विकृति बढी ल्याउने गर्दछ । उदाहरणका लागि अमेरिकाका केही राज्यमा एउटै उमेर समूहका नाबालक केटी साथी र केटा साथी बिच सहमतिमा शारीरिक सम्पर्क कायम गर्न सक्दछन्, जुन कार्यलाई त्यहाँको कानूनले अपराध मान्दैन । तर यही कुरा हाम्रो कानूनले अपराध भन्छ, अनि देशको सामाजिक परिवेश र संस्कृतिले पनि पचाउँदैन ।

नेपालको मुलुकी फौजदारी कार्यविधि ऐन, २०७४ मा थाहा पाउने व्यक्तिले (जो सुकैले) यथाशीघ्र नजिकको प्रहरी कार्यालयमा कसुरको सूचना दिनुपर्दछ भनेको छ । अर्थात् कसुरको सूचना प्रहरीलाई दिनु प्रत्येक नागरिकको कर्तव्य हो, अनि अपराधको सूचना प्रहरीलाई नदिनु र लुकाउनु भनेको कानूनलाई असहयोग गर्नु पनि हो । जसरी कुनै नागरिकले थाहा थिएन भनेर अनजानमा अपराध गरेमा छुटकारा पाउँदैन, त्यसै गरी कानूनको व्यवस्था थाहा थिएन भनेर कुनै पीडितले समयमा नै उजुरी दिएन भने उसलाई छुट हुनुहुन्न । किनकि कानूनको एक महत्त्वपूर्ण तथा

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सखडा, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

## बलात्कारसम्बन्धी ...

सर्वमान्य सिद्धान्त के हो भने 'कानूनको अनभिज्ञता क्षम्य हुँदैन ।'

तसर्थ प्रत्येक नागरिकले देशको कानून जान्नु र मान्नु पर्दछ । काबुभन्दा बाहिरको परिस्थितिका कारण समयमा नै उजुरी दिन नसकेको भन्ने पीडितको भरपर्दो र तथ्यपरक दाबीका आधारमा कानूनमा विशेष व्यवस्था गर्नु न्यायोचित हुन्छ । तर सम्पूर्ण प्रकारले सबल र सक्षम पीडित व्यक्तिले कानूनले तोकेको हदम्यादभित्र अपराधको सूचना प्रहरीलाई दिनुपर्दछ ।

जबर्जस्ती करणी मुद्दामा हदम्याद हट्यो वा बढ्यो भने के हुन्छ त भन्ने विषयमा केही चर्चा गरौँ । उजुरीको हदम्याद खारेज गर्नु भनेको 'विश्रान्तिको सिद्धान्त' हो । अर्थात् पीडक व्यक्ति सधैँ भय र त्रासमा बाँच्नुपर्ने अवस्था हो । अपराध अनुसन्धानमा उच्च स्तरका वैज्ञानिक विधिहरू प्रयोग हुने तथा यसैको आधारमा तटस्थ तथ्यसम्म पुगी अभियोजन गर्न सक्ने क्षमता भएका अति विकसित देशहरूमा यो नियम उचित देखिएता पनि अमेरिका जस्तो देशले सबै राज्यमा उजुरीको हदम्याद निषेध गरेको पाइँदैन ।

अपराध अनुसन्धानमा वैज्ञानिक उपकरणहरूको प्रयोग कम हुने नेपाल जस्तो देशमा हदम्याद निषेधको कानून ल्याइयो भने निरपराध व्यक्तिहरू पनि पूर्वाग्रहका आधारमा सजायको भागिदार बन्ने जोखिम रहनेतर्फ विधायिकाको ध्यान जान आवश्यक देखिन्छ । वर्तमान अवस्थामा समेत जबर्जस्ती करणी वा यौन दुर्व्यवहार सम्बन्धि कतिपय मुद्दाहरूमा पीडितको जाहेरी बाहेकको अन्य कुनै प्रमाण उपलब्ध हुन नसकेका प्रशस्त उदाहरणहरू प्रहरी कार्यालयमा पाउन सकिन्छ । जबर्जस्ती करणी जस्तो गम्भीर अपराधमा कसैलाई फसाउनु वा उन्मुक्ति दिनु दुवै गलत हुन्छ ।

कानूनले जहिले पनि तटस्थ प्रमाण खोज्ने र प्रमाणको अभावमा शङ्कित व्यक्तिले सफाई पाउने हुँदा लहडका भरमा वा निश्चित उद्देश्य पुरा गर्नका लागि हदम्याद घटाउनु वा बढाउनु भन्दा पनि जाहेरी दर्ता भएपछि पीडितलाई कसरी न्याय दिने र अपराधीलाई कसरी दण्ड दिने भन्ने विषय महत्त्वपूर्ण विषय हुनुपर्दछ । जबर्जस्ती करणी यस्तो अपराध हो, जसमा सकेसम्म १/२ घण्टा भित्रै पीडितबाट ( सकेसम्म पीडकबाट समेत) प्रहरीले प्रमाण सङ्कलन गर्न सक्यो भने मुद्दा बलियो हुन्छ । र, अपराधीले दण्ड पाउने सम्भावना अत्यधिक हुन्छ ।

समय क्रमसँगै भौतिक सबुतहरू नष्ट वा लोप हुने तथा घटनास्थलका साक्षीहरू बसाइँ सराईका कारण वा मृत्युका कारण उपस्थित हुन नसक्ने भएको हुँदा पीडितले अपेक्षित न्याय पाउन सक्दैन । अदालतको अभिलेख हेर्ने हो भने प्रहरीले ठूलो मिहिनेतका साथ अनुसन्धान गरी अदालतमा दायर गरेका जबर्जस्ती करणीका मुद्दाहरू असफल भएका प्रशस्त उदाहरण छन् । अर्थात् तटस्थ प्रमाणको अभावमा अदालतले शङ्कित व्यक्तिलाई सफाई दिएको छ । यसको परिणाम भनेको पीडितले थप मानसिक पीडा बेहोर्नुपर्ने अवस्था सिर्जना हुनु हो । अनि अपराधी खुलेआम चौडा छातीका साथ समाजमा हिँड्नु पनि हो ।

नेपालमा र छिमेकी देश भारतमा समेत ढिला दर्ता भएका जबर्जस्ती करणीका केही मुद्दाहरूमा के देखिएको छ भने वास्तविक पीडितभन्दा पनि विविध विषयमा असमझदारी उत्पन्न भएका जोडीहरूले यस्तो प्रकारको उजुरी दिने गरेको पाइएको छ । जबर्जस्ती करणी मुद्दामा पुर्पक्षकै क्रममा ८/१० वर्ष जेल बसेर पछि निर्दोष भई छुटेको उदाहरण नेपालमा धेरै भेट्न सकिन्छ । कारण के हो भने 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' भन्ने संस्कारबाट हुर्किएका हामी नेपाली अनि महिलामैत्री हाम्रो कानून भएकै कारणबाट एउटी महिलाले आफू बलात्कृत भएको भनेर जाहेरी दिएपछि प्रहरीले अनुसन्धान सुरु गर्दछ ।

कतिपय अवस्थामा केही महिला अधिकारकर्मीको दबाब त केही क्रिस्चियन मिसनरीको दबाब अनि केही मिडिया ट्रयाल समेतका कारण प्रहरीको अनुसन्धान प्रभावित हुन्छ । यस्ता मुद्दामा किन टाउको दुखाउनु ? भनी न्यायाधीशहरुले पनि मुद्दाको मर्मसम्म नपुगी पक्षमा फैसला सुनाइदिन्छन् । परिणामस्वरूप निर्दोष व्यक्तिले भयङ्कर दण्ड पाउँछ, कानूनी शासनको धज्जी उड्दछ । अनि जनमानसमा प्रहरी र अदालतप्रति अविश्वास उत्पन्न भई सामाजिक द्वन्द्व सिर्जना हुन्छ ।

वास्तवमै पीडित महिलालाई न्याय दिनका लागि नै कानूनको व्यवस्था भएको हो, अनि कानूनका कडा दण्ड र सजायको तथा क्षतिपूर्तिको व्यवस्था गरिएको हो । तर कानूनको छिद्रमा खेलेर केही धूर्त महिलाहरूले कानूनकै धज्जी उडाइरहेको र धेरै पुरुषहरू पीडित भएको उदाहरण प्रहरी कार्यालयबाट पाउन सकिन्छ । महिलाद्वारा पुरुष बलात्कृत भएको र कानूनको अभावमा न्याय पाउन नसकेको तथ्यहरू पनि अदालत तथा प्रहरी कार्यालयमा सूक्ष्म अध्ययन गर्ने हो भने जानकारी पाउन सकिन्छ ।


कुनै एक पुरुष आफ्नो परिवारको सुन्दर भविष्यको सपना बुन्दै ५० डिग्रीभन्दा बढी तापक्रम हुने कतार जस्तो गर्मी मुलुकमा रोजगारीका लागि गएको हुन्छ । बिदामा घर फर्कदा आफ्नी श्रीमतीलाई एक परपुरुषसँग एउटै ओछ्यान साटिरहेको अवस्थामा रङ्गे हात भेट्छ । यस कार्यमा 'हामी दुवै जनाको सहमति रहेको' भन्ने श्रीमतीको जवाफबाट निज पुरुष साह्रै मर्माहत भएको घटना हालै मात्र घटेको उदाहरण यस पङ्क्तिकारसँग रहेको छ ।

यसरी समाजमा पुरुषहरू पनि महिलाबाट यौन हिंसाको शिकार बन्ने गरेको उदाहरण प्रहरी कार्यालयहरूको अभिलेख माग्ने हो भने प्रशस्तै पाउन सकिन्छ । बलात्कार जस्तो जघन्य अपराधमा कसैलाई छुट हुन नहुने हुँदा यसको परिभाषा निरपेक्ष तथा स्पष्ट हुनु पर्दछ । यस्तो अवस्थामा महिलालाई न्याय भन्दा पनि पीडितलाई न्याय दिने खालको कानून बन्न जरुरी छ ।

हदम्याद बढाउनुका सकारात्मक पक्ष कम र नकारात्मक पक्ष बढी हुने हुँदा सामाजिक सचेतनामा वृद्धि हुन जरुरी छ । हदम्याद बढाएर मुद्दालाई कमजोर बनाउने तथा पीडितलाई थप पीडित बनाउने अवस्थाको निर्माण गर्नु हाम्रो भुल हुन सक्दछ । जुनसुकै निरपराध पुरुष जतिबेला पनि यस प्रकारको अपराधको शङ्कित व्यक्ति करार हुने अवस्थाको सिर्जना हुन नदिनु हाम्रो साझा जिम्मेवारी हो । सकेसम्म घटनाको केही घण्टाभित्रै पीडितले प्रहरीमा सम्पर्क गर्न सक्ने वातावरणको निर्माण हामी सबैले गर्न आवश्यक छ । महिलाहरुलाई आफ्नो हक, अधिकार तथा अपराध भएमा कानूनी उपचारको बारेमा महिला अधिकारकर्मीहरूले सिकाउन ढिला भइसकेको छ । विद्यालयबाट नैतिक शिक्षासमेत हटाइएको परिप्रेक्ष्यमा हामी सबै मिलेर समाजलाई नैतिकवान बनाउन लाग्नुपर्ने अवस्था आएको छ । रातोपाटीबाट

# नकेपा एसका नेता चौधरीको दुर्घटनामा मृत्यु

**राजविराज**/नेकपा एकिकृत (समाजवादी) का नेता रामनारायण चौधरीको सडक दुर्घट्नामा परी ज्यान गएको छ ।



उनी सवार स.१०प. ४६११ नम्बरको स्कुटरलाई सोमवार साँझ विपरीत दिशाबाट तिब्र गतिमा आउदै गरेको ना.६ख. ६३९९ नम्बरको ट्रकले ठक्कर दिदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका घर भएका उनी काम विशेषले निस्केका बेला पुर्व पश्चिम राजमार्ग अन्तर्गत खडक नगरपालिका ५ रंजितपुर खण्डमा उनी सवार स्कुटरलाई ट्रकले ठक्कर दिदा घटनास्थल मै उनको मृत्यु भएको थियो ।

ठक्कर दिने ट्रक र चालकलाई नियन्त्रणमा प्रहरीले बताएको छ । रेडक्रस सोसाईटी शाखा सप्तरीका उपसभापती एवं नेकपा एकीककृत (समाजवादी)पार्टी सप्तरीको जिल्ला कमिटी सदस्य समेत रहेका ५२ वर्षिय चौधरी हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा नेकपा एकिकृत ( समाजवादी)पार्टीको तर्फबाट सुरुंगा नगरपालिकाको नगरप्रमुख पदमा उम्मेदवार रही सम्मानजनक मत ल्याएका थिए ।

नेपाली काँग्रेसकी उम्मेदवार गिता चौधरीसंग पराजीत भएका चौधरी निकटतम प्रतिद्वन्दी रहेका थिए । चौधरीको मृत्युको खबरले नगर शोकमा डुबेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**राजविराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, राजविराज, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तिलाठी, सप्तरी**

# यस कारण स्वास्थ्य बीमा अपरिहार्य



**वशिष्ठ तिवारी**

नेपाल सरकारद्वारा पूर्ण स्वामित्वमा संचालित सामाजिक सुरक्षाको प्रत्याभूति दिने सम्पूर्ण नागरिकको लागि कोशेढुङ्गा साबित भएको स्वास्थ्य बीमा एक गुणस्तरीय कार्यक्रम हो।

स्वास्थ्यको विषयमा हाम्रा पुर्वजहरु निकै संवेदनशील थिए। किनभने चार्वाक दर्शनमा लेखिएको छ कि 'यावज्जीवेत सुखं जीवेत ऋणं कृत्वा घृतं पिवेत, भस्मीभूतस्य देहस्य पुनरागमनं कुत:॥'

अर्थात जबसम्म जिउनु छ सुखपुर्वक जीवनयापन गर्ने, ऋण लिएर पनि घ्यू खाने, जब मरे पश्चात शरीर खरानी भएर नष्ट हुन जान्छ तब मनुष्यको पुनर्जन्म सम्भव हुदैन। अत: बाचुन्जेल सुख पूर्वक बाच्ने। तर अब स्वास्थ्य उपचारको लागि कसैले पनि ऋण लिनु पर्दैन किनभने स्वास्थ्य बीमा बोर्डले बीमित भईसके पश्चात तपाईंको स्वास्थ्य हाम्रो अठोट भन्ने प्रतिबद्धता गरेको छ। स्वास्थ्य बीमा गर्नुको धेरै कारणहरुमध्ये केही कारण निम्नुसार रहेका छन्।

- रोगको कारणले अचानक आईपर्ने अप्रत्यासित आर्थिक जोखिम कम गर्न
- निश्चित रकमको योगदान तिरी लाखौं सम्मको सहज उपचारमा पहुँच कायम गर्न
- मुटु, मिर्गौला तथा क्यान्सर लगायतका जटिल दीर्घकालिन रोगमा थप आर्थिक सहयोग प्राप्त गर्न
- रोग लागेपश्चात अनुदान वा सहयोगको लागि विभिन्न निकायको झन्झटबाट मुक्त भई सिधै स्वास्थ्य संस्थामा सहज उपचार पाउन
- दिगो विकासका लक्ष्यहरु हाँसिल गर्नमा सहयोगी भूमिका निर्वाह गर्न
- आर्थिक अभावमा रोग पालेर दु:खबाट मुक्ति पाउन
- कर्जा, धितो वा ऋण लिएर उपचारको नाममा आर्थिक पक्षको अकल्पनीय असरबाट बच्न
- सरकारी कार्यक्रममा सजगताको साथ सहभागी हुन
- स्वाभिमानी स्वस्थ नेपालीको पहिचान कायम गरी सचेत नागरिकको भूमिका निर्वाह गर्न
- आफूलाई रोग नलागे पनि दान स्वरुप बीमामा अनुदान तिरी अरुलाई सहयोग गर्न
- सरकारी स्वास्थ्य संस्थाको सुदृढीकरणमा योगदान गर्न
- थोरै पैसा योगदान बापत तिरी निजि स्वास्थ्य संस्थामा प्रेषण लिई उपचारमा पहुँच कायम गर्न इत्यादि।

यस्तै यी उपरोक्त कारणहरु बाहेक स्वास्थ्य बीमामा सहभागी हुन कुनै प्रकारको आरक्षित प्रक्रियामुखि समस्या रहेको पाइँदैन। नेपाल सरकारद्वारा नागरिकहरुको सामाजिक सुरक्षालाई सम्बोधन स्वरूप यस उपलब्धिमूलक कार्यक्रमलाई विगतको आधा दशकदेखि संचालित गरी करिब आधा करोड भन्दा बढी नागरिकहरुलाई निरन्तर गुणस्तरीय सेवा प्रवाह गर्दै आइरहेको पाइन्छ। यस कार्यक्रममा सहभागी हुन उमेर, जातजाति, भाषाभाषी र भूगोल लगायतका कुनै विषयमा असहजता छैन। स्वास्थ्य बीमा सरकारद्वारा संचालित सेवामुखी कार्यक्रम हो। यस कार्यक्रमलाई अझै सहज, सर्वसुलभ र गुणस्तरीय बनाउनु तीनवटै सरकार, बीमा बोर्ड र नागरिकहरुको दायित्व हो। (तिवारी स्वास्थ्य बीमा बोर्ड संखुवासभाका दर्ता अधिकारी हुन्।) स्वास्थ्य खबर बाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने व्यक्तिको आफ्नो व्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु व्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### पाकिस्तानको दिगो आर्थिक विकासका निम्ति नब्बे खर्ब ५० अर्बको बजेट

**इस्लामावाद**/देशको दिगो एवम् समावेशी आर्थिक विकासका योजनालाई केन्द्रमा राखेर पाकिस्तानले आगामी वर्षका निम्ति रू ९० खर्ब ५० अर्बको बजेट सार्वजनिक गरेको छ।

वित्तीय चुनौती बढेको वर्तमान अवस्थामा सन्तुलित एवम् जनता केन्द्रित बजेट ल्याइएको अधिकारीहरूले बताएका छन्। शुक्रबार सङ्घीय अर्थमन्त्री मिफता इस्माइलले संसद्को तल्लो सदनमा बजेट प्रस्तुत गर्दै त्यसले देशको दिगो आर्थिक विकासलाई केन्द्रमा राखेको र आगामी वर्ष पाँच प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको बताए।

कुल रू नौ खर्ब ५० अर्बको बजेटमध्ये कर्जा प्रवाहका लागि रू तीन अर्ब ९५ करोड कर्जा प्रवाह र रू आठ खर्ब सार्वजनिक क्षेत्र विकास कार्यक्रमका निम्ति विनियोजन गरिएको जानकारी दिँदै अर्थमन्त्री इस्माइलले रक्षा खर्चका लागि रू १.५२३ खर्ब छुटचाइएको बताए।

बजेटमा गरिब जनताको हितमा लक्ष्यित अनुदानका लागि रू छ खर्ब ९९ अर्ब र विपन्न वर्गको उत्थानका लागि सञ्चालन गरिने अन्य कार्यक्रमका निम्ति रू एक अर्ब ४२ करोड अनुदान प्रस्ताव गरिएको छ। त्यसैगरी बजेटमा सङ्घीय राजस्व रू सात खर्ब र गैर राजस्व रू दुई खर्ब हुने अनुमान गरिएको छ।

बजेटलाई सन्तुलित, प्रगतिशील एवम् जनहितकारीको संज्ञा दिँदै प्रधानमन्त्री सहेबाज सरिफले आर्थिक जोखिमका प्रभाव घटाउन र जनताका समस्या कम गर्न आफ्नो सरकारले कठोर निर्णय लिँदै चुनौतीहरूबाट बाहिर निस्कने बताएका छन्। एजेन्सी

### हिन्दी, बाङ्ला र उर्दुलाई राष्ट्रसङ्घको मान्यता

**न्यूयोर्क**/राष्ट्रसङ्घीय महासभाले हिन्दी, बाङ्ला र उर्दु भाषालाई उल्लेख गर्दै बहुभाषिकातासम्बन्धी प्रस्ताव पारित गरेको छ।

शुक्रबार पारित उक्त प्रस्तावले राष्ट्रसङ्घका औपचारिक एवम् अनौपचारिक सञ्चार एवम् सन्देश ती भाषामा सम्प्रेषण गर्न बाटो खोलेको छ।

संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि टिएस त्रिमूर्तिले हिन्दीसहित बाङ्ला र उर्दुलाई प्राथमिकता दिएकामा उक्त विश्व संस्थाको सराहना गर्दै महासचिव एन्टोनियो गुटरेसप्रति आभार व्यक्त गरेका छन्।

भारतले सन् २०१८ देखि राष्ट्रसङ्घीय विश्व सञ्चार विभागसँग साझेदारी गर्दै हिन्दीमा समाचार एवम् समाचार सामग्री तयार गर्न बजेटरी सहयोग गर्दै आएको छ। बहुभाषिकता विश्वसमुदायबीच सामञ्जस्यपूर्ण सञ्चार र बहुपक्षीय कूटनीति सञ्चालनका निम्ति अपरिहार्य मानिन्छ।

अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रूसी र स्पानेली राष्ट्रसङ्घका औपचारिक सञ्चारका आधिकारिक भाषा हुन्। अङ्ग्रेजी र फ्रान्सेली राष्ट्रसङ्घीय सचिवालयका कामकाजका भाषा हुन्। एजेन्सी

### अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड परीक्षण प्रावधान हटायो

**वासिङटन**/संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय यात्रामा कोभिड-१९ को अनिवार्य परीक्षण गर्नुपर्ने प्रावधान हटाएको छ।

बाइडेन प्रशासनले अन्तर्राष्ट्रिय उडानमा जानु एकदिनभित्र यात्रीहरूले कोभिड-१९ सङ्क्रमण नभएको चिकित्सकीय परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्ने प्रावधानलाई आगामी आइतबारदेखि हटाएको हो।

रोग रोकथाम तथा नियन्त्रण निकायहरूले सङ्क्रमणको निरन्तर अनुगमन गर्ने जनाउँदै अन्तर्राष्ट्रिय यात्राका बेला पेश गर्नुपर्ने 'कोभिड-१९ नेगेटिभ रिपोर्ट' को अनिवार्य प्रावधानलाई आइतबार सखारैदेखि खारेज गरिएको बताएका हुन्। परिस्थिति परिवर्तन भएमा परीक्षणको आवश्यकता पुन: समीक्षा गरिने पनि उनीहरूले बताएका छन्।

कोभिड-१९ विरुद्धको लडाइँमा भएको प्रगतिका कारण प्रतिबन्ध हटाएको स्वास्थ्यमन्त्री जेभियर बेसेराले बताए। यद्यपि यात्रीहरूले कोभिडविरुद्धको खोप लगाउको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

विमान कम्पनी तथा पर्यटन उद्योगहरूले परीक्षणको प्रावधान हटाउन अमेरिकी प्रशासनलाई महिनौंदेखि दबाब दिइरहेका थिए भने यात्रीहरू पनि अन्तर्राष्ट्रिय यात्रा गर्न निरुत्साहित भएका थिए।

युएस ट्राभल एशोशिएशनका अध्यक्ष रोजर डाउले परीक्षणको प्रावधान हटाउनुलाई आन्तरिक एवम् अन्तर्राष्ट्रिय यात्राका निम्ति ठूलो कदम भएको प्रतिक्रिया दिएका छन्। एजेन्सी

# फुटवल संघमा विवाद कोषाध्यक्षले दिए राजिनामा

**राजविराज**/सहमतिको पालना गर्नुको साटो मानोमानी ढंगले नेतृत्व पंक्ति अघि बढेको भन्दै जिल्ला फुटवल संघ सप्तरीका कोषाध्यक्ष बैजु प्रसाद दासले पदबाट राजिनामा दिएका छन् ।

शनिवार जिल्ला फुटवल संघलाई बुझाइएको राजिनामा पत्रमा उनले अध्यक्ष राजकुमार परियारले एकल निर्णय र मनोमानी ढंगले काम गर्ने गरेको तथा विगतमा भएका सहमतिअनुसार अघि नबढेकाले राजिनामा दिएको उल्लेख गरेका छन ।

जिल्ला फुटवल संघमा १० क्लव आबद्ध छन् । एक महिनाअघि मात्र सम्पन्न साधारण सभाद्वारा परियारको अध्यक्षतामा सर्वसम्मतिले नयाँ कार्यसमितिको चयन गरिएको थियो ।

नयाँ कार्यसमितिले असार पहिलो साता हुने तय भएको अखिल नेपाल फुटवल संघको केन्द्रीय समिति निर्वाचनका लागि मताधिकार प्रतिनिधि चयन गर्दा यसअघि भएको सहमतिको पालना नगरी एकलौटी ढंगले प्रतिनिधि चयन गरिएको असन्तुष्ट पक्षको आरोप छ ।

उता अध्यक्ष परियारले कार्यसमितिमा मनोनयनदेखि केन्द्रीय निर्वाचनका लागि पठाउने प्रतिनिधिको चयन सहमतिमै गरिएको दावी गरेका छन ।

# लागु औषधसहित तीन पक्राउ

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकाबाट प्रहरीले तीन युवकलाई लागु औषधसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा दुई भारतीय र एक नेपाली युवक छन् ।

सो गाउँपालिका वडा नं. ३ स्थित छिन्नमस्ता भगवती मन्दिर नजिकै रहेको पार्किङ स्थलबाट भारत बिहार राज्य अन्तरगत मधुबनी उतरी ग्राम पंचायत वडा नं. ५ निवासी २६ वर्षिय प्रकाश यादव, लौकही ग्राम पंचायत वडा नं. २ बस्ने २० वर्षिय तुलसी कुमार दास र सप्तरीको छिन्नमस्ता वडा नं. २ निवासी १९ वर्षिय दिपेश कुमार यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार जेठ २१ गते साँझ साढे पाँच बजेतिर छिन्नमस्ता मन्दिर नजिकै रहेको पार्किङ स्थलमा बिआर ३२ एएल ४३५८ नं. को भारतीय मोटरसाइकलमा सावर तीनै जनालाई शंका लागी चेकजाँच गर्दा प्रतिबन्धीत लागु औषध फेला परेको हो ।

यसरी फेला परेको लागुऔषधमा नाइट्राभेट ५ सय १० थान, डाइजेप्याब इन्जेकसन एक सय थान, फेनारगन इन्जेक्सन एक सय थान र बुफ्रेनोर्फिन इन्जेक्सन एक सय थान रहेको छ ।

पक्राउ परेका तीनै जनालाई नियन्त्रणमा लिई लागुऔषध मुद्दा शिर्षक अन्तर्गत दर्ता गरी सोमबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# करेन्ट लागेर महिलाको मृत्यु

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकामा करेन्ट लागेर एक महिलाको गत आइतबार मृत्यु भएको छ ।

शम्भुनाथ नगरपालिका-४ कठौनामा करेन्ट लागेर स्थानीय ३० वर्षीया नजिरा खातुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पङ्खाको तार जोड्ने क्रममा करेण्ट लागेर गम्भीर घाइते भएकी खातुनको स्थानीय स्वास्थ्य संस्थामा उपचारका क्रममा मृत्यु भएको हो ।

# वडाअध्यक्षको मोटरसाइकल कार्यालय अगाडीबाटै चोरी

**राजविराज**/राजविराज नगरपालिका वडा नं. ७ का अध्यक्ष सुभाषचन्द यादवको मोटरसाइकल कार्यालय अगाडीबाटै चोरी भएको छ ।

बुधबार साँझ कार्यालय अगाडी राखिएको स.५प.४३५६ नम्बरको निजि मोटरसाइकल चोरी भएको हो ।

वडा अध्यक्ष यादवले कार्यालयको काम सकेर घर जान बाहिर निस्कदा पार्किङ गरि राखेको मोटरसाईकल नदेखेपछि छेउछाउमा खोज्दा पनि नभेटिएपछि सोही दिन जिल्ला प्रहरी कार्यालयमा मोटरसाइकल चोरी भएको भन्दै निवेदन दर्ता गराएको बताए ।

यस अघि सोही स्थानबाट शहरी स्वास्थ्य क्लिनिक राजविराजका इन्चार्ज संतोष दासको पनि मोटरसाईकल चोरी भएको थियो । जुन हाल सम्म पनि भेटिएको छैन । यस अघि नापी, मालपोत, राष्ट्रिय बाणिज्य बैक अदालत, वन लगायतका कार्यालय अगाडीबाट पनि विभिन्न सेवाग्राहीको मोटरसाईकल चोरी भएको एक दर्जन भन्दा बढी घटना भईसकेका छन् ।

# सशस्त्र प्रहरीद्वारा अबैध गाई बरामद

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा न.१४ स्थित कोशी बाधबाट सशस्त्र प्रहरीले अबैध गाई बरामद गरेको छ ।

सशस्त्र प्रहरी बिओपि को. बरसाइनको टोलिले नेपालबाट अवैध रुपमा चोरि तस्करी गरि भारततर्फ लैजादै गरेको अवस्थामा कोशी बाधबाट अबैध चार वटा गाई बरामद गरेको हो ।

अबैध रुपमा नेपालबाट भारततर्फ चोरी निकासि गरिरहेको अवस्थामा गाइ बरामद गरेको तथा तस्करी गर्ने व्यक्त फरार भएको सशस्त्र प्रहरीले जनाएको छ ।

यता बरामद गरिएको अबैध गाईलाई आवश्यक अनुसन्धानको लागि राजविराज भन्सार कार्यालय पठाएको सशस्त्र प्रहरी ६ न. गण हेड क्वाटरले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*